# पीडित परिचयपत्र उपलब्ध गराउने कार्यविधि, २०७७

आयोगबाट स्वीकृत मिति

२०७७।०९।०६

**प्रस्तावना:** सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पारिएको भनी प्राप्त उजुरीमा आयोगबाट छानविन हुँदा पहिचान भएका पीडितलाई परिचयपत्र उपलब्ध गराउने प्रकृयालाई नियमित र व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ को नियम ४२ बमोजिम आयोगले देहाय बमोजिमको कार्यविधिहरु बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पीडित परिचयपत्र उपलब्ध गराउने कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि संवत् २०७७ साल पौष ६ गतेदेखि लागु हुनेछ।

(३) यो कार्यविधि आयोगको आन्तरिक प्रयोजनको लागि हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अधिकारप्राप्त अधिकारी" भन्नाले आयोगद्वारा पीडितलाई परिचयपत्र दिन तोकिएको अख्तियारप्राप्त अधिकारी सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले ऐन बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्झनु पर्छ।

(ग) "आयोगको कार्यालय" भन्नाले काठमाडौं उपत्यकामा रहेको आयोगको कार्यालय सम्झनु पर्छ र सो शब्दले आयोगले खडा गरेको मुकाम कार्यालय समेतलाई जनाउनेछ।

(घ) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई सम्झनुपर्छ।

(ङ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ सम्झनु पर्छ।

(छ) "परिचयपत्र" भन्नाले नियमावलीको अनुसूची-१२ बमोजिमको पीडित परिचयपत्र सम्झनु पर्छ।

(ज) "सम्बन्धित निकाय" भन्नाले आयोगले आफ्नो कार्य सम्पन्न गरी अभिलेख सहितको फाइल बुझाएको निकाय सम्झनु पर्छ।

३. **परिचयपत्र उपलब्ध गराउने:** (१) घटनाको छानविनबाट कुनै व्यक्ति सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको भन्ने देखिन आएमा त्यस्ता पीडितलाई आयोगले नियमावलीको नियम ३८ बमोजिम परिचयपत्र उपलब्ध गराउनेछ।

(२) कुनै घटनाका सम्बन्धमा एक भन्दा बढी व्यक्ति पीडित भएको देखिन आएमा आयोगले पहिचान गरेका व्यक्तिलाई परिचयपत्र उपलब्ध गराउन सक्नेछ।

४. **परिचयपत्र उपलब्ध गराउने आधार:** आयोगले पीडितलाई परिचयपत्र उपलव्ध गराउदा देहायका कुनै वा सबै कागजात र आधारमा परिचयपत्र उपलव्ध गराउन सक्नेछः-

(क) ऐनको दफा २ को खण्ड (च) बमोजिम परिवारको सदस्य हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र भएमा,

(ख) तस्वीरमा समेत प्रमाणीत हुने गरी बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित कागज भएमा,

(ग) स्थानीय तह वा प्रहरी कार्यालय वा दुबै निकायबाट भएको मुचुल्का भएमा,

(ङ) पीडित तथा निजको परिवारको सदस्यको नेपाली नागरिकता प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा स्थायी लेखा नम्बर वा राहदानी वा विद्यार्थी, कर्मचारी, व्यवसायिक परिचयपत्र वा नेपाल सरकारले जारी गरेको राष्ट्रिय परिचयपत्रको प्रतिलिपि भएमा,

(छ) नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि वा नावालक परिचयपत्रको प्रतिलिपि भएमा,

(घ) परिचयपत्र दिन उपयुक्त देखिने अन्य मिसिल संलग्न कागज प्रमाण भएमा,

(ज) माथिका सबै आधार वा एक वा एक भन्दा बढी कागज प्रमाण भएमा।

५. **परिचयपत्र वितरणको प्रक्रिया:** (१) अनुसन्धान अधिकारीले बेपत्ता व्यक्तिको परिवारलाई परिचयपत्र उपलव्ध गराउन राय सहितको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले पेश गरेको रायमा आयोगले परिचयपत्र उपलव्ध गराउने वा नगराउने निर्णय गर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले छानविनबाट खुल्न आएका एक वा एक भन्दा बढी पीडितहरुलाई परिचयपत्र उपलव्ध गराउन राय पेश गर्न सक्नेछ।

(४) आयोगको निर्णय बमोजिम अधिकारप्राप्त अधिकारीले पीडितलाई परिचयपत्र उपलव्ध गराई सोको प्रतिलिपी मिसिलमा राख्नेछ।

(५) पीडितलाई उपलव्ध गराएको परिचयपत्र कुनै कारणले हराएको, नासिएको वा च्यातिएको भनी सम्बन्धित स्थानीय तह वा अन्य निकायको सिफारिस सहित परिचयपत्र बाहकले आयोगमा निवेदन दिएमा आयोगले जाँचबुझ गरी परिचयपत्रको प्रतिलिपि उपलब्ध

गराउन सक्नेछ। आयोग विघटन भई सकेको अवस्थामा प्रतिलिपी लिनको लागि सम्बन्धित निकाय समक्ष निवेदन गर्नु पर्नेछ।

६. **परिचयपत्र उपलब्ध गराउने:** आयोगको अनुसन्धान अधिकारी वा निजले तोकेको कर्मचारीले पीडितलाई परिचयपत्र उपलब्ध गराउन सक्नेछ।

७. **परिचयपत्रको अभिलेख:** पीडितलाई उपलब्ध गराईएको परिचयपत्रको अभिलेख आयोगले अनुसूची-१ बमोजिमको ढाँचामा सुरक्षित राख्नेछ।

८. **परिचयपत्र रद्द गर्न सक्ने:** (१) झुठा विवरण पेश गरी कसैले यस कार्यविधि बमोजिम परिचयपत्र लिएको प्रमाणित हुन आएमा आयोगले त्यस्तो परिचयपत्र रद्द गर्न सक्नेछ।तर, परिचयपत्र रद्ध गर्नु अगाडि आयोगले सम्बन्धित व्यक्तिलाई परिचयपत्र रद्ध गर्नु नपर्ने कुनै कारण भए आफ्नो सबुत पेश गर्न मनासिव समय दिनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचयपत्रका सम्बन्धमा अभिलेख फारममा समेत कैफियत जनाई राख्नु पर्नेछ।

९. **समान्य त्रुटी सच्याउन सक्ने:** अधिकार प्राप्त अधिकारीले परिचयपत्रमा उल्लिखित विवरणमा देखिएका सामान्य त्रुटी सच्याउन सक्नेछ।

१०. **परिचयपत्रको मान्यता:** आयोगद्वारा प्रदान गरिएको परिचयपत्र ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम कारवाहीका अतिरिक्त देहायको प्रयोजनका लागि मान्य हुनेछः

(क) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडितलाई नेपाल सरकारले प्रदान गर्ने परिपूरण तथा क्षतिपूर्ति प्राप्त गर्न, पुनरुद्धार वा पुनर्स्थापन गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न,

(ख) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडितलाई नेपाल सरकारले प्रदान गर्ने शारीरिक वा मानसिक उपचार गराउन वा मनोविमर्श प्रदान गर्न,

(ग) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई उपलब्ध गराउने सुविधा वा सहुलियत प्राप्त गर्न,

(घ) नेपाल सरकारले पीडित वा निजको परिवारको कुनै सदस्यलाई सुविधा तथा सहुलियत उपलब्ध गराउने निर्णय गरेकोमा त्यस्तो निर्णय बमोजिमको सुविधा वा सहुलियत प्राप्त गर्न ।

११. **परिचयपत्र बुझाउनु पर्ने :** कसैले परिचयपत्र हराएमा परिचयपत्र पाप्त गर्ने व्यक्तिले उक्त परिचयपत्र सम्बन्धित कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा स्थानीय तह वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु पर्नेछ।यसरी प्राप्त भएको परिचयपत्र आयोग वा आयोग विघटन भई सकेको अवस्थामा सम्बन्धित निकायमा पठाउनु पर्ने छ।

१२. **<u>आयोगको निर्णय बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि वमोजिम र अन्य कुराको हकमा आयोगको निर्णय बमोजिम हुनेछ।

१३. **<u>खारेजीः</u>** परिचयपत्र उपलब्ध गराउने कार्यविधि, २०७५ खारेज गरिएको छ।